# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकारले पर्सा जिल्लाको बीरगञ्ज महानगरपालिका वडा नं. ३२ स्थित सवैया साझेदारी वनको देहायको चार किल्ला भित्रको पचास हेक्टर वन क्षेत्रमा प्राकृतिक चिडियाखाना स्थापना गर्ने गरी मिति २०७९/०५/२७ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः—

| **दिशा** | **सिमाना** |
|---|---|
| पूर्व | रामवन वस्ती (रामवन शिव मन्दिर हुँदै दशविघा दलितमुक्ती आधारभूत विद्यालय देखि बारा पर्सा छुट्याउने खोल्सी पुल सिमानासम्मको राष्ट्रिय वनको भाग तथा भू-परिधीय क्षेत्र) |
| पश्चिम | सोलखपुर जाने बाटो (सवैया साझेदारी वन हुँदै सोलखपुर जाने बाटो सिमाना सम्मको राष्ट्रिय वनको भाग तथा भू-परिधीय क्षेत्र) |
| उत्तर | दश विगाहा फेन्स देखि भेडाहा खोला जाने बाटो (सवैया साझेदारी वन र बारा पर्सा छुट्याउने सिमानासम्मको राष्ट्रिय वनको भाग तथा भू-परिधीय क्षेत्र) |
| दक्षिण | टिक घारे (आवादी हुँदै शिव मन्दिर सिमानासम्मको राष्ट्रिय वनको भाग तथा भू-परिधीय क्षेत्र) |

**आज्ञाले,**

**डा. रेवती रमण पौडेल**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।